कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८१/०८२ (शा.सु/योजना) चलानी नम्बर : 3062 मितिः २०८२/०१/२१

.................................................................................................................................

विषयः आर्थिक वर्ष २०८२/०८३ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनोट तथा सिफारिस गरी पठाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने आयोजनाहरू छनोट तथा सिफारिस गर्ने सम्बन्धमा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को कार्यक्षेत्र भित्र पर्ने आयोजनाहरु मिति २०८२।०२।०४ गते भित्र छनोट तथा सिफारिस गरी पठाउनु हुन यस कार्यालयको मिति २०८२।०१।२१ को निर्णय (मा. मुख्यमन्त्रीस्तर) अनुसार अनुरोध छ।

देहायः

१. प्रत्येक स्थानीय तहलाई वडागत रुपमा अधिकतम् बजेट सीमा (मुगु, हुम्ला र डोल्पाका वडाका लागि प्रति वडा रु. २० लाख र अन्य जिल्लाका वडाका लागि प्रति वडा रु. १५ लाख) रहेकाले सोही बजेट सीमा भित्र रही आयोजना सिफारिस गर्ने।

२. प्रत्येक वडाले माथि बुँदा नं. १ बमोजिमको बजेट सीमाभित्र रही (हुम्ला, मुगु र डोल्पाको हकमा अधिकतम् रु.२० लाख लागतका र अन्यमा अधिकतम् रु.१५ लाख लागत भएका) कार्यविधिको अनुसूची-१ बमोजिमका क्षेत्र/उपक्षेत्र भित्रका वडाका आवश्यकता र प्राथमिकतामा परेका योजनाहरु मध्येबाट वडा समितिको निर्णय सहित एक वटा आयोजना (प्रति वडा) छनोट गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकामा पठाउने।

३. सम्बन्धित स्थानीय तहले वडाबाट प्राप्त सबै आयोजनालाई रुजु गरी कार्यपालिकाको निर्णय सहित आफ्नो स्थानीय तह अन्तर्गतका सबै वडाको आयोजना एकीकृत गरी रोजगारको कार्यक्षेत्र मिले नमिलेको एकिन गरी प्रति वडा एक वटा आयोजनाका दरले (वडाबाट छनोट भइ आएको भन्दा फरक नहुने गरी) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजनाहरु पठाउँदा cmep.karnali.gov.np मार्फत प्रविष्टि गरी वडा र कार्यपालिकाको निर्णय तथा पत्र र आयोजना संशोधन माग नगरिने प्रतिवद्धता पत्र अनिवार्य अपलोड गर्नुपर्नेछ।

४. स्थानीय तहवाट प्राप्त आयोजना मध्येबाट कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कार्यक्रम व्यवस्थापन समिति) ले उपयुक्त आयोजना छनोट गरी कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रूपमा पठाउनेछ।

०८२।०१।२१

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६१८, ५२४६७४
Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com

कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८१/०८२ (शा.सु/योजना)      चलानी नम्बर :

५. आयोजना सिफारिस गर्दा देहाय अनुसार विषयक्षेत्र मध्येबाट गर्नुपर्नेछ। (अनूसूची १)

देहायः-

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामाग्री खरिद (अधिकतम) |
| १ | उत्पादन मूलक तथा स्वरोजगारी सिर्जना गर्ने उद्यम विकास, उद्योग तथा आयोजना स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि,वन, कृषि (सामुहिक तथा सहकारी खेती) उत्पादन/संकलन/प्रशोधन | ६० | ४० |
| ३ | सिंचाई | ५० | ५० |
| ४ | खानेपानी | ५० | ५० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ५० | ५० |
| ६ | तटबन्धन,नदी नियन्त्रण तथा भू-संरक्षण | ६० | ४० |
| ७ | पर्यटन पूर्वाधार निर्माण | - | - |
| | ७.१ पदमार्ग | ७० | ३० |
| | ७.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ७.३ सिँढी निर्माण | ६० | ४० |
| ८ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

६. आयोजना सिफारिस गरी पठाउँदा कार्यालयको पत्रसाथ CMEP Portal (cmep.karnali.gov.np) मार्फत अनिवार्य प्रविष्टि गरी पठाउनु पर्नेछ।

७. पारिश्रमिक तर्फको बजेट आयोजनामा काम गर्ने श्रमिक (बेरोजगार) हरुको व्यक्तिगत बैंक खातामा उनीहरुले काम गरेको पारिश्रमिक/ज्याला रकम अनिवार्य रुपमा जम्मा हुने प्रवन्ध मिलाउनु पर्नेछ।

८. स्थानीय तहले आयोजना प्रस्ताव गर्दा देहाय बमोजिमको ढाँचामा गर्ने। (अनुसूची-२)

०८२।०१।२१

☎ ०८३-५२०१६७, ५२२१६४, ५२१८३२      फ्याक्स : ०८३-५२२६१८, ५२४७७४
Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र सङ्ख्या : २०८१/०८२ (शा.सु/योजना)     चलानी नम्बर :

देहायः

जिल्ला-

स्थानीय तहको नामः-

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं | आयोजनास्थल | प्रस्तावित रकम | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(लक्ष्मण गिरी)
शाखा अधिकृत

सादर अवगतार्थः

मा.मुख्यमन्त्रीज्यूको निजी सचिवालय,

श्रीमान् प्रमुख सचिवज्यूको सचिवालय,

कर्णाली प्रदेश, सुर्खेत।

बोधार्थः

**श्री सूचना प्रविधि तथा समन्वय शाखाः** कार्यालय तथा मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीको वेवसाइटमा अपलोड तथा कर्णाली प्रदेशका सबै स्थानीय तहको इमेलमा समेत पठाउनुहुन।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२     फ्याक्स : ०८३-२५२६१८, ५२४७७४
Web : www.ocmcm.karnali.gov.np, email : ocmcmkarnali@gmail.com